KANAGAWA

# कर

- मलाई तपाईं विदेशी नागरिक भएकोले कर कटौती गरिएको प्रमाणपत्र दिन सकिँदैन भनेर भनियो।
- तलबबाट अचानक कर कटौती गरियो।

---

**1. सुरुमा निश्चय गर्नुहोस्।**

तलबबाट कटौती गरिने करमा आयकर र निवासी कर पर्छन्।

विदेशी नागरिक भए तापनि आयकर र निवासी कर लगाइन्छ। कर दर जापानमा काम गर्ने रोजगारदातासँगको सम्झौता, रोजगार अवधि, कामको सर्त विवरण तथा प्रत्येकको बसोबास योग्यता र अवधि आदि अनुसार समग्र रूपमा विचार गरी निर्धारण गरिन्छ।

**2. आयकर**

आयकर भनेको उक्त वर्षको जनवरीदेखि डिसेम्बरसम्मको आयमा लगाइने कर हो। विदेशी नागरिकहरू बीचमा पनि बासिन्दा र गरै-बासिन्दा अनुसार व्यवस्था फरक हुन्छ।

बासिन्दा भनेको जापानमा ठेगाना भएको व्यक्ति अथवा कम्पनीको डोमेट्री आदिमा बसोबास गरेको 1 वर्ष वा सोभन्दा बढी भएको व्यक्ति हो। बासिन्दालाई जापानी नागरिक सरहको कर दर लागु गरिन्छ र आय अनुसार कर दर फरक हुन्छ। (5%~45%)

गरै-बासिन्दाको हकमा कर सन्धि अन्तर्गत कर छुट लागु हुने अवस्था बाहेक, सामान्यतया आयको 20.42% कर लाग्छ। विस्तृत जानकारीको लागि नजिकको कर कार्यालयमा परामर्श गर्नुहोस्।

**3. निवासी कर**

जुनसुकै राष्ट्रियता भए तापनि अघिल्लो वर्षको आयको आधारमा निवासी कर गणना गरिन्छ र कर निर्धारण र कर भुक्तानी अर्को वर्षको अप्रिलदेखि सुरु हुन्छ। त्यसकारण अघिल्लो वर्ष आय नभएको व्यक्तिलाई कर लाग्दैन। तर काम छोडेर आय नभएको व्यक्तिलाई पनि अर्को वर्षको अप्रिलदेखि कर लगाइन्छ र बिल आउने हुनाले ध्यान दिनुहोस्। विस्तृत जानकारीको लागि, नजिकको सहर वा वडा कार्यालयमा आदिमा परामर्श गर्नुहोस्।

**4. कर कटौती गरिएको प्रमाणपत्र नदिइएको खण्डमा**

हरेक महिना तलबबाट कटौती गरिएको आयकर बढी भएको छ वा कम भएको छ भनेर वर्षको अन्त्यमा हिसाब गरिन्छ। यो हिसाबको प्रक्रियालाई "वर्ष अन्त्य समायोजन" भनेर भनिन्छ। यो बेला भुक्तानी गरिएको 1 वर्षको कुल कर रकम र आयकर तथा विभिन्न कर छुटको विवरण उक्त वर्षको डिसेम्बरको अन्त्यदेखि अर्को वर्षको जनवरीको बीचमा "तलब आयको कर कटौती गरिएको प्रमाणपत्र" को रूपमा कम्पनीबाट सिधै दिइन्छ। यो कर कटौती गरिएको प्रमाणपत्र 1 वर्षको आय र कर भुक्तानी विवरण लेखिएको कागजात हुनेले जतन गरेर राख्नुहोस्।

साथै राजीनामा दिएको खण्डमा वा बर्खास्त गरिएको खण्डमा काम छोड्दा त्यस बेलासम्म काम गरेको कर कटौती गरिएको प्रमाणपत्र माग गर्नुहोस्। तुरुन्तै अर्को काम सुरु गरेको अवस्था आदिमा अर्को कम्पनीमा त्यो कागजात दिनु आवश्यक हुन्छ।

रोजगारदातालाई "कर कटौती गरिएको प्रमाणपत्र" जारी गर्न अनिवार्य गरिएको हुनाले त्यो कुरा भनी माग गर्नुहोस्। माग गर्दा पनि नपाएको खण्डमा कम्पनीको अधिकार क्षेत्रको कर कार्यालयमा आफ्नो परिस्थिति भनी परामर्श गर्नुहोस्। कर कार्यालयमा जाने खण्डमा जापानी भाषा बुझ्ने व्यक्तिलाई आफूसँगै लिएर जानुहोस्।

**5. कम्पनीसँग सुधारको माग गर्दा पनि प्रतिक्रिया दिइएन।**

शंका लागेको कुरालाई त्यत्तिकै नछोडी, कानागावा जिल्लाको विदेशी नागरिकहरूको लागि श्रम सम्बन्धी परामर्श काउन्टरमा फोन गरी वा प्रत्यक्ष रूपमा आएर परामर्श गर्नुहोस्।

काउन्टरमा अनुवादक मार्फत समस्याको समाधानका उपायहरूबारे सल्लाह दिने, अवस्था अनुसार कम्पनीमा सम्पर्क गरी सत्य कुरा निश्चय गर्ने जस्ता कुराहरू गरी सम्बन्धित पक्षहरू आफै समाधानमा पुग्न मद्दत गरिन्छ।

---

**पुष्टि गर्नुहोस्।**

□ के तलबबाट कटौती गरिएको रकम कर हो?
□ तपाईंसँग तलबको विस्तृत विवरण पत्र छ?
□ मलाई कर कटौती गरिएको प्रमाणपत्र नदिइनुको कारण के हो?

---